दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २५३ | बुटवल | २०८१ भदौ २३, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Sept.08 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र हइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउन परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१


# बेलहियाबाट ८ महिनामा भित्रिए ५३ हजार विदेशी पर्यटक

## पर्यटक सूचना केन्द्रमा आउने–जानेको तथ्याङ्क मात्रै, भारतीय गाडीमा उतैका गाइडसहित आएका पर्यटक अधिकांश सोही दिन फर्किने, सीमामा जेसीभीले स्वागत प्रवेशद्वारमा फलामे जञ्जालमात्रै।

**मोहम्मद हबिब**

*भैरहवा*

स्थलमार्ग हुँदै नेपालको सबैभन्दा बढी पर्यटक भित्र्याउने बेलहिया नाकाबाट सन् २०२४ मा ४७ हजार तेस्रो मुलुकका पर्यटक नेपाल भित्रिएका छन्। कोभिडपछि शून्य अवस्थामा पुगेको पर्यटकको अवस्था विस्तारै बढ्न थालेपछि पर्यटन व्यवसायीमा उत्साह थपिएको छ। लामो समय सुनसान रहेको विदेशी पर्यटकको आगमन अहिले बढेको छ। बुद्ध जन्मस्थल लुम्बिनी अवलोकन र दर्शनका लागि अधिकांश पर्यटकहरु यो नाका हुँदै नेपाल भित्रिएर अन्य पर्यटकीय गन्तव्यहरुमा पनि जाने गरेका छन्।

बेलहियास्थित अध्यागमन कार्यालयका अनुसार पछिल्ला ८ महिनाको तथ्यांक उत्साहजनक छ। कार्यालयका अनुसार ८ महिनाको अवधिमा ५२ हजार ४ सय ५२ जना पर्यटक आएका छन् भने ५३ हजार १ सय जना पर्यटक प्रस्थान गरेका छन्। सबैभन्दा बढी मार्च महिनामा १७ हजार २ सय १४ जना पर्यटक नेपाल भित्रिएको देखिन्छ। आएका पर्यटकमध्ये पनि सबैभन्दा बढी श्रीलंकाका १४ हजार ८ सय ४८ जना आएका छन्। यस्तै थाइलैण्डका पर्यटक १२ हजार ५ सय २० जना आएका छन्। यस्तै म्यानमारको ८ हजार १४, भियतनामको ३ हजार ६ सय ८६, साउथ कोरियाको २ हजार २ सय ९९ जना रहेका छन्।

मुख्यताया यि देशका पर्यटकहरुको संख्या गत वर्ष यो अवधिमा आएका पर्यटकभन्दा धेरै हो। सन् २०२३ मा यो नाकाबाट ८१ हजार ५ सय ५१ जना विभिन्न देशबाट आएका थिए भने ७८ हजार ४ सय २३ जना प्रस्थान गरेका थिए। जसमा साउथ कोरियाको ५ हजार १६, म्यानमारको ११ हजार ७ सय ८५, श्रीलंकाको १८ हजार ४ सय ६०, थाइलैण्डको १७ हजार २ सय ३०, भियतनामको ९ हजार ८ सय पर्यटक आएको अध्यागमन कार्यालयका प्रमुख नारायणप्रसाद पाण्डेले बताए।

यहाँ आउने पर्यटकको मुख्य गन्तव्य बुद्धजन्मस्थल लुम्बिनी, कपिलवस्तु र रामग्राम तथा केहीको नेपालका पर्यटकीय गनतव्य र हिमाली जिल्लाहरु हुने गरेको कार्यालयले जानकारी दिएको छ।

**पर्यटक सूचना केन्द्रमा आउने जानेको तथ्याङ्क मात्रै**

नेपालकै सबैभन्दा बढी पर्यटक भित्र्याउने बेलहिया नाका भए पनि पर्यटक सूचना केन्द्र अव्यवस्थित हुँदा पर्यटकहरुले सास्ती खेप्नु परेको छ। पर्यटकका लागि जिल्लाकै एकमात्र पर्यटक सूचना केन्द्रमा कर्मचारी र आवश्यक पूर्वाधार नहुँदा पर्यटकले सास्ती खेप्दै आउनु परेको छ। गौतमबुद्धको जन्मस्थल, विश्वभरका बौद्यमार्गीहरुको आस्थाको केन्द्र लुम्बिनीमा स्थलमार्ग हुँदै पर्यटक आउने बेलहिया सिमानाकाका अलपत्र र हिलाम्मे सडक, बिग्रीएका सवारी साधन, र अपुरो गेटले नेपालको पर्यटनलाई गिज्याइरहेको छ।



लुम्बिनीलाई आधार मानेर यस प्रदेशलाई पर्यटनको माध्यमबाट समृद्ध लुम्बिनी प्रदेश बनाउने सरकारको नारा रहे पनि नेपाल प्रवेश गर्ने ढोकैमा देखिने यस्ता दृष्यले उत्साह बोकेर नेपाल घुम्न आउने पर्यटकको मन खिन्न हुने गरेको छ। बेलहिया नाका हुँदै दैनिक दुई सयको हाराहारीमा तेस्रो मुलकका पर्यटकहरु सो नाका हुँदै नेपाल भित्रिने गरेको पर्यटन सूचना केन्द्र बेलहियाको तथ्यांकले देखाउँछ। यति ठूलो संख्यामा पर्यटक भित्रिने नाका व्यवस्थित गर्न भने कसैको ठोस योजना नै देखिदैन।

पर्यटकको बसाइ धेरैभन्दा धेरै गरी अत्यधिक मात्रामा पर्यटक भित्र्याउने रहेको भए पनि पर्यटकहरुले नेपाल बसाइको क्रममा सहजता हुने किसिमले पाउने सूचनाबारे सम्बन्धित निकाय नै मौन छन्।

नेपाल भित्रिने पर्यटकलाई लक्षित गरी बेलहिया नाकामा खोलिएको पर्यटक सूचना केन्द्र नाम मात्र रहेको पर्यटन व्यवसायीको भनाइ छ। सूचना केन्द्रको अवस्था यती नाजुक छ की पर्यटकहरु पनि सूचनाको लागि यताउता भौतरि रहेका हुन्छन्।

लाखौ पर्यटक भित्र्याउने व्यस्त नाका मध्येको एक प्रमुख नाका रहेको भए पनि यहाँ पर्यटक सूचना केन्द्रको कार्यालयमा रहेको पर्यटक प्रहरीले उनीहरुको जिज्ञासा मेटाउन खोजे पनि बजेटकै अभावमा यस्तो गर्न सकेका छैनन्। नेपाल प्रवेश गर्ने बित्तिकै पर्यटकलाई हामी नेपाल प्रवेश गर्दैछौं भन्ने जानकारी पाउनका लागि पर्यटक सूचना केन्द्रमा केहीबेर विश्राम गर्ने, सूचना बोर्ड हेर्ने र नेपालका ऐतिहासिक धार्मिक पर्यटकीय गन्तव्यको बारेमा जानकारी दिने कुनै व्यवस्था नहुँदा पर्यटक अन्योलमा पर्ने गरेका छन्।

» बाँकी ३ पेजमा

## सहकारी मन्त्रीलाई सम्हालिएर बोल्न निर्देशन



बुटवल। सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिले भूमिव्यवस्था, सहकारी र गरिबी निवारणमन्त्री बलराम अधिकारीलाई सहकारीका बचतकर्ताको भावनामा चोट पुग्नेगरी अभिव्यक्ति नदिन निर्देशन दिएको छ।

मन्त्री अधिकारीले बैंकबाट सस्तोमा ऋण लिएर सहकारीबाट महँगो ब्याज खानेहरू आन्दोलनमा उत्रिएको अभिव्यक्ति दिएपछि छानबिन समितिले ध्यानकर्षण जनाएको हो।

बचतकर्ताको भावनामा चोट पुग्नेगरी पीडितहरूको आन्दोलन, रिले अनसन र धर्नाप्रति नकारात्मक टिप्पणी र कटाक्ष नगर्न तथा सार्वजनिक अभिव्यक्तिमा संयमित एवं सन्तुलित भएर बोल्न मन्त्री अधिकारीलाई निर्देशन दिएको छानबिन समितिका सभापति सूर्य थापाले बताए।

मन्त्रालयलाई सकारात्मक पहलकदमी लिँदै पीडिहरूसँग वार्ता गरेर समस्याको अविलम्ब समाधान खोज्न ध्यानाकर्षण गराएको उनले बताए। आन्दोलनकारीहरूलाई संसदीय छानविन विशेष समितिमा पीडितहरूको प्रतिनिधि मण्डलसँग भएको चार घण्टा लामो छलफलको मर्म र इमान्दार प्रयासलाई विश्वास एवं भरोसा गर्नसमेत अनुरोध गरेका छन्। शुक्रबारको बैठकमा आमन्त्रित अतिथिका रुपमा मन्त्री अधिकारी पनि सहभागी थिए।

मन्त्री अधिकारीले नेपाल सहकारी पत्रकार समाज (सिजेएन)को १४औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा भनेका थिए-'सहकारीमा एउटै प्रवृत्तिका मान्छे छैनन्। अहिले आन्दोलनमा उत्रिनेहरू बैंकबाट कम ब्याजदरमा पैसा लिने र सहकारीमा लगेर राख्ने खालका छन्। उनीहरू बैंकको ऋण र सहकारीको बचतको बिचमा बसेर नाफा खाइरहन्छन्। आन्दोलन त्यस्ता व्यक्तिले गरिरहेका छन्। अगुवाइ गर्न पाइने र पीडितबाट फाइदा लिने प्रवृत्ति देखिएको छ।'

## दूधमा अनुदान बढ्न सक्छ : मुख्यमन्त्री

अर्घाखाँची। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले दुग्ध उत्पादक किसानलाई आकर्षित गर्न सरकारले प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिएको बताएका छन्।

अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिमा शनिबार भएको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले किसानको मागको आधारमा दूधमा दिँदै आएको प्रोत्साहन अनुदानको रकम बढाउन सकिने प्रतिबद्धता व्यक्त गरेका छन्। 'साथिहरुले यहाँ कुरा उठाउनु भयो दूधको विषयमा। किसानहरुलाई आकर्षित गर्न सरकारले प्रतिफलमा आधारित प्रोत्साहन अनुदान दिँदै आएको छ। यो रकमलाई बढाउने विषयमा छलफल अघि बढ्छ,' उनले भने-'किसानहरुलाई प्रदेश सरकारले प्राथमिकतामा राखेर कार्यक्रम बनाएको छ।' यस्तै मुख्यमन्त्री आचार्यले सुन्तलाको सुरक्षित भण्डारणका लागि प्रदेश सरकारले योजना बनाउने समेत प्रतिबद्धता व्यक्त गरे।

» बाँकी ३ पेजमा

# बुटवलमा 'अटो इञ्जिनियरिङ कलेज'को पहल



**लुम्बिनी संवाददाता**

*बुटवल*

भविष्यमा गाडी र गाडीका पार्टस्हरु उत्पादन गर्न सकिने लक्ष्यसहित बुटवलमा 'अटो इञ्जिनियरिङ कलेज' को अवधारणासहित स्थापना गर्न पहल थालिएको छ। बुटवल अटो इञ्जिनियरिङ एशोसिएसनको अगुवाइमा कलेज स्थापनाको पहल थालिएको हो।

खासगरी एशोसिएसनका अध्यक्ष तुल्सीराम न्यौपानेले बुटवल यातायातको हब र नेपालको मध्य भाग भएको, यहाँको मैनाबगर अटो भिलेजमा एक हजार बढी गाडी मर्मत सम्भार गर्ने र पार्टस् बिक्री गर्ने व्यवसाय सञ्चालनमा रहेकाले 'अटो इञ्जिनियरिङ कलेज' का विद्यार्थीलाई प्राक्टिकलका लागि उपयुक्त थलो भएकाले कलेजको संभावना देखेर पहल थालेका हुन्।

कलेजमार्फत् शैक्षिक योग्यतासहितको सीपयुक्त जनशक्ति उत्पादन गर्नसके युवा पुस्तालाई अटो मोबाइल्स क्षेत्रमा आकर्षित गर्न र हजारौं जनालाई रोजगारी सिर्जना गर्न सकिने संभावना रहेको अध्यक्ष न्यौपानेले देखेका छन्। अध्यक्ष न्यौपानेका अनुसार ५ वर्ष यो क्षेत्रमा काम गरेकाहरुलाई अटो क्षेत्रमा सुरक्षित भविष्य रहेकोले गाडी र सयौंथरि पार्टस् उत्पादन गर्न सकिने र हजारौंलाई रोजगारी सिर्जना हुने देखेर कलेज आवश्यकता देखिएकोले प्रक्रिया अघि बढाइएको बताए।

अहिले बुटवलमा सञ्चालनमा रहेका कोरिया नेपाल बहुप्राविधिक शिक्षालय (केएनआइटी) र बुटवल टेक्निकल इन्स्टिच्युट (बीटीआइ)मा भन्दा फरक ढंगले अटो इञ्जिनयरिङलाई प्राथमिकतामा राखेर ब्याचलर तह सरहको पढाइ हुने कलेज स्थापनाका लागि एशोसिएसनले तीन वर्षदेखि पहल थालेकामा हालै काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरेर प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको छ। अध्ययन प्रतिवेदनका लागि बुटवल उप-महानगरपालिकाले नै बजेट व्यवस्था गरेको थियो। उपमहानगरले नीति तथा कार्यक्रममै यो विषयलाई समावेश गरेकाले सबै क्षेत्रबाट कलेज स्थापना गरेर चलाउन सकिने एउटै आवाज र ऐक्यबद्धता आएको अध्यक्ष न्यौपानेले बताए।

'बुटवल उपमहानगर सहित सरोकालवाला सबैले अटो इञ्जिनियरिङ कलेज आवश्यक छ र चलाउन सकिन्छ भन्नेमा एकमत छन्,' न्यौपानेले भने-'तर शिक्षा ऐन संशोधन गर्नुपर्ने मुख्य चुनौती देखिएको छ, यसमा सबैको साथ आवश्यक भएको छ।'

बुटवलमा हाल मेकानिकल, आटो क्षेत्रमा डिप्लोमा लेभलमा बुटवल टेक्निकल इन्टिच्युट, कोरिया-नेपाल बहुप्राविधिक विद्यालयमा अध्यापन हुँदै आएको छ। तर स्नातक र स्नाकोत्तर तहमा भने कलेज छैनन्।

बुटवलमा प्राविधिक धारको अटो इञ्जिनियरिङ कलेज आवश्यक रहेको विषयमा बुटवल उप-महानरपालिकाले पनि पटक-पटक आवाज उठाउँदै आएको एशोसिएसनका निवर्तमान अध्यक्ष बाबुलाल पाण्डेले बताए।

मैनाबगरमा रहेको अटो भिलेजमा हाल १ हजारभन्दा बढी व्यवसायीहरु रहेको जनाइएको छ। जसमा ५ हजारभन्दा बढीले रोजगारी पाएको अटो इञ्जिनियरिङ एशोसिएशसनको तथ्यांक छ। जसमा करिव २० प्रतिशत मात्रै डिप्लोमा लेभल शैक्षिक योग्यताको कोर्ष पूरा गरेका दक्ष जनशक्ति रहेका छन्।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## टिकटक फुकुवाको सन्देश

नौ महिनाअघि सरकारले डिजिटल प्यालेटफर्म टिकटकमाथि लगाएको प्रतिबन्ध हटाएको छ । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले प्रतिबन्ध हटाउने निर्णय गरेपछि दुरसञ्चार प्राधिकरणले प्रतिबन्ध फुकुवाको प्रक्रिया अघि बढाएको थियो ।

टिकटकले सामाजिक सञ्जाल सञ्चालन निर्देशिकाअनुसार दर्ता हुन सहमति जनाएकाले प्रतिबन्ध फुकुवा फिर्ता लिएको सरकारी अधिकारीहरुको भनाइ छ । टिकटकको प्रतिबन्धपछि सरकारको चौतर्फी आलोचना भएको थियो । सामाजिक सञ्जालका अरु प्यालेटफर्महरु निर्वाध चल्न दिने, तर टिकटक प्रतिबन्ध गर्नु नियोजित भएको धेरैको भनाइ थियो । कतिपयले टिकटकलाई प्रतिबन्ध गर्नुको कारण भूराजनैतिक प्रभावका रुपमा लिएका थिए । तर कुनै एउटा प्यालेटफर्मलाई प्रतिबन्ध लगाउनु र अरुलाई निवार्ध चल्न दिँदा सरकारप्रति नै प्रश्न उठेको थियो । सामाजिक सञ्जाल सञ्चालनलाई व्यवस्थित गर्न पहलकदमी लिनुको साटो प्रतिबन्ध लगाउने सरकारको रवैयाले अभिव्यक्ति स्वतन्त्रता हनन भएको भन्दै चर्को आलोचना भएको थियो । अहिलेको खुला समाज र नेपाल जस्तो लोकतान्त्रिक शासन व्यवस्था भएको समाजमा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने गरी कुनै पनि क्रियाकलाप गर्नु शोभनिय हुँदैन । त्यस्तो क्रियाकलाप भयो भने सरकारप्रति नागरिकको विरोधको स्वर चर्को हुनसक्छ । खुला समाजमा सबै विषय खुला हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै नियमनलाई प्रभावकारी र व्यवस्थित बनाउन नै प्राथमिकता दिनुपर्छ ।

छोटो भिडियो राखेर सूचना आदानप्रदान गर्न सकिने टिकटक नेपालमा छिट्टै लोकप्रिय भयो । टिकटकको प्रयोग गरी साना व्यवसायीहरुले व्यवसायिक लाभ लिन सफल भए । टिकटक प्रतिन्बन्ध भएपछि भिपिएनमार्फत् टिकटक चलाउने पंक्ति ठूलै थियो । एकातिर सरकारले प्रतिबन्ध लगाउने अर्कोतिर गैरकानुनी ढंगले चलाउँदा साइबर सुरक्षाको जोखिम बढिरहेका बेला सरकारले नियमनलाई प्रभावकारी बनाउने सर्तमा टिकटक प्रतिबन्ध फुकुवा गर्ने निर्णय स्वागतयोग्य छ । टिकटकमा प्रयोग हुने भाषाको नियमनका लागि उसले अधिकारी तोक्ने, नेपालको पर्यटन र डिजिटल शिक्षा तथा सुरक्षामा सहयोग गर्नुपर्नेलगायतका सर्त पालना गर्न टिकटक सकारात्मक छ । त्यसैगरी नेपालमा नै उसले सम्पर्क कार्यालय वा सम्पर्क व्यक्तिहरू तोक्नुपर्ने सर्त पनि राखिएको छ । सामाजिक सद्भाव बिथोल्ने खालका सामग्रीहरू नेपालले अनुरोध गर्नेबित्तिकै हटाउने संयन्त्र बनाउनुपर्ने सर्त पनि राखिएको छ । यी सर्तको पालना गर्न टिकटक व्यवस्थापन तयार देखिएको छ । अब सबै सामाजिक सञ्जाल कम्पनी यस्तै सर्तको पालना गर्न र गराउन सक्नुपर्छ । यसो गर्न सक्दा सामाजिक सञ्जाल प्रयोग व्यवस्थित र मर्यादित हुने अपेक्षा छ ।

# सुशासनमा नवीन सोच



**कविन्द्र नेपाल**

सार्वजनिक चासो र सरोकारको सम्बोधन, समस्या समाधान तथा राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा सरकारले गरेका प्रतिबद्धता पूरा गर्न सार्वजनिक नीतिको निर्माण तथा कार्यान्वयन गरिन्छ । विद्वान् थोमस डाईकाअनुसार सरकारले गर्ने वा नगर्ने भन्ने सम्बन्धमा लिने निर्णय नै सार्वजनिक नीति हो । सरकारका प्रत्येक निर्णयको असर र प्रभाव सम्बद्ध क्षेत्र/समुदायमा अल्पकालीन तथा दीर्घकालीन रूपमा पर्दछ । नेपालमा शासकीय संरचनाको परिवर्तनपछि प्रदेश तथा स्थानीय तहका लागि समेत मार्गदर्शक हुने नीतिको निर्माण गर्ने जिम्मेवारी संघीय सरकारको हो । सङ्घीयताको कार्यान्वयन, कार्यविस्तृतीकरण प्रतिवेदन तथा नेपालको संविधानको धारा ५१ मा भएका ९६ वटा राज्यका नीतिले सरकारलाई दिशानिर्देश गरेका छन् ।

सार्वजनिक प्रशासनका नवीन अवधारणाले सरकारको प्रभावकारिता तथा दक्षता सुधारलाई आधारभूत मान्यताका रूपमा लिएका छन् । यसैले तथ्य र प्रमाणको विश्लेषणबाट मात्र सरकारले गर्ने कुनै निर्णय कार्यान्वयनयोग्य छ/छैनन् ? नीति तथा निर्णयलाई कार्यान्वयनयोग्य बनाउन कुन/कुन पक्षमा सुधार गर्नु पर्दछ भन्ने पहिचान गर्न सकिन्छ । सार्वजनिक नीति राजनीतिक निर्णय मात्र होइन, यो प्राविधिक र तथ्यका आधारमा गरिने निर्णय हो भन्ने बोध राजनीतिज्ञलाई गराउनु आवश्यक छ । सरकारले निर्णय गर्नुअघि विकल्पको पहिचान, त्यसको असर र प्रभाव (सामाजिक लागतसहित), लाभ लागतको विश्लेषणसहित निर्णय तथा नीतिको दिगोपनाको विश्लेषण तथ्यमा आधारित भएर गर्नु पर्छ । यस्तो विश्लेषणबाट प्रस्तावित नीतिको समग्र वातावरणीय पक्ष (पोलिसी इन्भारोमेन्ट) र नीतिले पार्ने प्रभावको आँकलन गर्न सकिने हुँदा नीतिले लिन खोजेको रणनीतिक दिशा तय गर्न मद्दत मिल्छ ।

सन् १९९० को दशकमा बेलायतको लेबर सरकारले सार्वजनिक नीतिका सम्बन्धमा गरिने अनुसन्धानमा राजनीतिक प्रभाव हुन नहुने, तटस्थ, वस्तुगत र समालोचनात्मक विश्लेषण हुनुपर्ने नीति अवलम्बन गरेको थियो । यसैले मुलुकको विकास, समृद्धि र सुशासन हासिल गर्ने दीर्घकालीन लक्ष्यका लागि सरकारबाट हुने प्रत्येक निर्णय तथ्यको वस्तुगत विश्लेषणको आधारमा हुनु पर्छ ।

सार्वजनिक नीतिको कार्यान्वयनमा दक्षता र प्रभावकारिता नआउनुको मुख्य कारण नीतिहरूमा तथ्यगत विश्लेषणभन्दा बढी राजनीतिक आग्रह तथा 'पपुलिस्ट' सोच हाबी हुनु हो । नीति तर्जुमा तथा निर्णय गर्न तत्पर हुने त्यसको कार्यान्वयनमा उचित ध्यान नदिने मात्र होइन, कार्यान्वयनमा गएका नीतिको परीक्षण (पोलिसी अडिट) गर्ने अभ्यास नहुँदा नीतिको संख्यात्मक गणनामा केन्द्रित भयौँ, कार्यान्वयन प्रभावकारी ढङ्गले गरिएन । यसैले २०५१ सालको राष्ट्रिय औषधी नीति तथा २०६१ सालको राष्ट्रिय कृषि नीतिलगायतका धेरै पुराना नीति अझै अद्यावधिक गर्ने प्राथमिकताको सूचीमै राखिएको पाइँदैन । जबकि प्रधानमन्त्री कार्यालयबाट २०७५ सालको राष्ट्रिय नीतिहरूको वर्गीकरण तथा विश्लेषणसम्बन्धी अध्ययन प्रतिवेदनमा खारेज गर्नुपर्ने, परिमार्जन गर्नुपर्ने नीतिसहितका सुझाव समेटिएका थिए ।

प्रो. हेडले तथ्यमा आधारित सार्वजनिक नीति निर्माण तथा कार्यान्वयन गर्दा राजनीतिक सोच/विवेक मात्र होइन, व्यावसायिक अभ्यास र वैज्ञानिक तथा अनुसन्धानका तथ्यको संयोजन हुनुपर्नेमा जोड दिएका छन् । यसैले नीति चक्र (नीतिको कार्यसूची तय गर्नेदेखि अनुगमन र मूल्याङ्कनसम्म) का प्रत्येक चरणमा राजनीतिक आवश्यकता तथा प्राथमिकता तथा अनुसन्धानका नतिजालाई व्यावहारिक धरातलमा विश्लेषण र संश्लेषण गर्न कर्मचारीमा रहेको व्यावसायिक दक्षता, अभ्यास र अनुभवको प्रभावकारी उपयोग गर्नु पर्दछ । नेपालमा पटक-पटक हुने सरकारको परिवर्तन, त्यसपछिका न्यूनतम साझा कार्यक्रम तथा नीतिगत प्राथमिकताको फेरबदल, राजनीतिक र प्रशासनिक नेतृत्वबाट जारी हुने नयाँ निर्देशन/आदेशले तथ्यमा आधारित नीतिको अवधारणालाई नै गिज्याइरहेका छन् । यसैले सार्वजनिक नीतिको स्वामित्व बोध, स्थायित्व र निरन्तरतामा सङ्कट आएको छ ।

नेपालको संविधान जारी भएपछि संसद्को पहिलो कार्यकालमा दर्ता भएका १५३ विधेयकमध्ये १०१ वटा ऐनका रूपमा प्रमाणीकरण भए । विसं २०७२ पछि करिब २० वटा राष्ट्रिय नीति र सयौँको संख्यामा भएका निर्णयको गणितीय विवरणको तबसम्म महत्व हुँदैन, जबसम्म गुणस्तरीय कानुन तथा नीतिको निर्माण र कार्यान्वयनबाट सम्बद्ध क्षेत्रमा त्यसले सकारात्मक असर र प्रभाव पार्दैन । वैज्ञानिक तथा अनुसन्धानको नतिजा मुलुकको वस्तुगत आवश्यकताको धरातलमा टेकेर उपयोग गर्न सकिएमा मात्र मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका क्षेत्रमा रूपान्तरण गर्न सकिन्छ ।

सार्वजनिक निकायबाट निर्णय गर्दा वस्तुगत तथ्य र प्रमाणको विहङ्गम विश्लेषणका आधारमा गरिने अवधारणा नै तथ्यमा आधारित नीति (इभिडेन्स वेस्ड पोलिसी) हो । सार्वजनिक निकायले गर्ने निर्णयको असर सम्बद्ध क्षेत्र तथा समुदायमा पर्ने भएकाले राजनीतिक आग्रह/पूर्वाग्रह दबाब/प्रभावका साथै मनोगत आधार (ओपिनियन बेस) भन्दा गुणस्तरीय सूचना, तथ्य र प्रमाणको सङ्कलन गरी त्यसको विश्लेषणबाट आउने नतिजामा टेकेर निर्णयमा पुग्ने अभ्यासलाई संस्थागत गर्नु आवश्यक छ । तथ्य र प्रमाणलाई केलाएर गरिने अभ्यासलाई गुणस्तरीय (क्वालिटी डिसिजन) निर्णयका रूपमा लिइन्छ ।

प्रत्येक व्यक्तिले आफूले लिने साना निर्णयमा पनि लाभ/लागत, वस्तु तथा सेवाको उपयोगिताको विश्लेषण गरेर मात्रै गर्ने गर्दछ । जस्तो स्मार्ट फोनको मोडल, मेमोरी, क्यामराको रिजोलुसन, ब्याट्रीको टिकाउपना आदिको विश्लेषण गरेर मात्र खरिद गर्ने वा नगर्ने निर्णयमा हामी पुग्दछौँ । यसैले तथ्यमा आधारित निर्णय/नीतिको आवश्यकता व्यक्तिगत तहदेखि राज्यको स्तरसम्म आवश्यक हुन्छ । राज्यको तहबाट गरिने तथ्यमा आधारित निर्णयमा कर्मचारीको भूमिका अहम् हुने भएकाले कर्मचारीतन्त्रको व्यावसायिकता, अनुभव र दक्षताको अधिकतम उपयोग गर्नु पर्छ ।

**कर्मचारीको भूमिका**

सार्वजनिक क्षेत्रमा देखिएका समस्या/सवाललाई नीतिको कार्यसूची (एजेन्डा) मा समावेश गर्नेदेखि छनोट भएको नीतिको कार्यान्वयनबाट परेको प्रभावको मूल्याङ्कनसम्मका प्रत्येक चरणमा कर्मचारीको प्रत्यक्ष भूमिका रहेको हुन्छ । सरोकारवाला पक्षबाट उठाइएका समस्याको सघनता र यसको गहनताको आकलन गर्न सम्बद्ध तथ्य र प्रमाणका साथै कर्मचारीको अनुभव र पेसागत दक्षताको उपयोग गरिनु पर्दछ । एजेन्डा स्वीकृतिपछि सार्वजनिक नीति तर्जुमाको चरणमा प्रस्तावित नीतिबाट राजनीतिक, आर्थिक, सामाजिक, कानुनी तथा वातावरणीय क्षेत्रमा पर्ने प्रभावको विश्लेषण, छनोट गरिने नीतिले समस्या तथा सवाललाई सम्बोधन गर्दछ भन्ने आधार पनि तथ्य, प्रमाण र अनुभव नै हुनु पर्दछ ।

कर्मचारीतन्त्रलाई सार्वजनिक नीति तर्जुमा तथा कार्यान्वयनको स्थायी संयन्त्रका रूपमा लिइन्छ । यसैले कर्मचारीले नीति निर्माण हुनुअघि सम्बद्ध तथ्य तथा प्रमाणसहितका आधारमा नीति कार्यान्वयनबाट पर्ने असर प्रभाव, लाभ/लागत विश्लेषणसहित पोलिसी पोलिटिक्स गर्नु पर्दछ तर सरकारबाट तर्जुमा गरिएका सार्वजनिक नीतिमा पार्टी पोलिटिक्स नगरी यसको अक्षरशः कार्यान्वयन गर्नु पर्दछ भन्ने मान्यता पनि छ । नीति चक्रका सबै चरणमा सैद्धान्तिक पक्ष, राजनीतिक सोच मात्र होइन, विगतको सिकाइ तथा अनुभव पनि महत्वपूर्ण हुन्छ ।

राजनीतिक नेतृत्व परिवर्तन भइरहने हुँदा स्थायी सरकारका रूपमा कर्मचारीतन्त्रमा रहेको संस्थागत स्मरण (इन्स्टिच्युसनल मेमोरी) को उपयोग गर्नु आवश्यक हुन्छ । यसैले नेतृत्व परिवर्तन हुनासाथ क्षेत्रगत मन्त्रालय तथा निकायको ब्रिफिङ पनि कर्मचारीले नै गर्छन् । कर्मचारीमा रहेका यस्ता अनुभव नीति/निर्णयलाई गुणस्तरीय र उन्नत बनाउन सहयोगी हुन्छन् । कुनै पनि सार्वजनिक नीतिको निर्माण तथा कार्यान्वयन शून्यतामा नहुने हुँदा नीतिको असर र प्रभावको विहङ्गम विश्लेषणसहित प्रभाव मूल्याङ्कनका लागि कर्मचारीमा रहेको व्यावसायिक दक्षता र अनुभवको उपयोग गर्नु आवश्यक छ ।

**समस्या**

तथ्य तथा अनुसन्धानका नतिजाको प्रयोग गरी गुणस्तरीय निर्णय तथा नीति निर्माण गर्नु पर्दछ भन्नेमा कसैको दुईमत छैन तर निर्णय गर्दा यस्ता तथ्य र नतिजाको प्रयोग गरिन्छ वा यसलाई ध्यान दिइन्छ/दिइँदैन अथवा अनुसन्धान संस्कृतिलाई संस्थागत गर्ने प्रबन्ध छ/छैन भन्ने विषय महत्वपूर्ण छ । अनुसन्धान तथा विकासका लागि संस्थागत संयन्त्र र अन्तरनिकाय समन्वय अत्यन्त कमजोर हुनुका साथै अनुसन्धान र विकासमा विश्वविद्यालय तथा प्राज्ञिक संस्थाहरूको संलग्नता कम हुनु, अनुसन्धान तथा विकासको दीर्घकालीन सोच तथा पर्याप्त साधन परिचालन नहुने समस्यालाई पन्ध्रौँ योजनाले पहिचान गरेको थियो ।

सरकारी विश्वविद्यालयमा उपयुक्त प्रयोगशालाको अभावमा विद्यार्थी निजी क्षेत्रमा धाउनुपर्ने, सार्वजनिक क्षेत्रमा पनि अनुसन्धान तथा विकासले प्राथमिकता नपाउनुलाई स्वाभाविक जस्तै मान्ने गरिएको छ । नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्ति तथा निजी प्रयासमा विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने कर्मचारीको संख्या उल्लेख्य छ । यसरी अध्ययनमा जाँदा सरकारको आवश्यकताभन्दा कर्मचारीले आफ्नो अनुकूलताको विषय अनुसन्धानका लागि छनोट गर्ने गरेका छन् । प्रत्येक वर्ष विदेशी विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका कर्मचारीको रोस्टर तयार गरी अध्ययनको क्षेत्र, कर्मचारीको रुचि र सरकारको आवश्यकताको क्षेत्रमा उनीहरूलाई परिचालन गर्ने अभ्यासको थालनी नै गरिएन । यसै कारण विद्यावारिधिसहित थप अध्ययन पूरा गरेका कर्मचारी उपयुक्त वातावरणको अभावमा विदेश पलायन हुन बाध्य छन् ।

राष्ट्रिय किताबखाना (निजामती) का अनुसार गत आर्थिक वर्षमा सेवा अवधि बाँकी रहेका करिब आठ सय कर्मचारीले राजीनामा दिई सेवाबाट अलग भएका छन् । यसरी हेर्दा अनुसन्धान तथा विकासमा रुचि राख्ने कर्मचारीलाई सेवामा टिकाउने सोच तथा कार्यक्रमको अभाव छ । पूर्वराष्ट्रसेवकको ज्ञान, सीप तथा अनुभवलाई राष्ट्रहितमा समुचित उपयोग गर्ने संविधानको परिकल्पना कार्यान्वयन गर्न राष्ट्रिय नीतिसहित ठोस कार्यक्रम अहिलेसम्म तयार भएको छैन ।

'सुशासनका लागि नवीन सोच' को नारासहित संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीबाट नवीन सोच (आइडिया) को खोजी गर्ने गरी सञ्चालन हुँदै आएको प्रतिभा डबली कार्यक्रममार्फत् आएका आइडियाको उपयोग गर्नेतर्फ सम्बद्ध निकायले चासो नै लिएका छैनन् । यसैले पुरस्कार वितरणपछि आइडियाहरू दराजमा थन्क्याउनुपर्ने भएको छ । विश्वविद्यालय, अनुसन्धानमूलक संस्था तथा सरकारी निकायबिच अनुसन्धानका नतिजालाई सार्वजनिक नीति निर्माणमा उपयोग गर्ने र सार्वजनिक क्षेत्रका लागि आवश्यक विषयमा अनुसन्धान गराउने अभ्यास पनि अत्यन्त सीमित छ । प्रत्येक वर्ष कुन/कुन निकायले केकस्ता अध्ययन तथा अनुसन्धान गराए त्यसको संयोजन गरी त्यसलाई सार्वजनिक नीति चक्रमा उपयोग गर्ने अभ्यास अहिलेसम्म भएन । अध्ययन तथा अनुसन्धानका प्रतिवेदन दराजमा थन्क्याउनुको कुनै अर्थ देखिँदैन । तथ्यमा आधारित नीतिको अध्ययन एवं अनुसन्धान गर्ने उद्देश्यले गठन आदेशबमोजिम २०७५ सालमा स्थापना गरिएको नीति अनुसन्धान प्रतिष्ठान पनि बिस्तारै बामे सर्दै छ । सरकारी निकाय भएर पनि प्रतिष्ठानबाट गरिने अध्ययन तथा अनुसन्धानमा कार्यरत कर्मचारीलाई संलग्न गराइँदैन ।

यस्तो पृष्ठभूमिमा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन अध्ययन अनुसन्धानसम्बन्धी राष्ट्रिय नीति, मापदण्ड र आचारसंहिता तयार गर्ने, अध्ययन अनुसन्धानका प्रतिवेदन तथा नतिजा एकीकृत रूपमा भण्डार गर्ने जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई दिने उल्लेख छ । यस कार्यमा प्रतिष्ठान र आयोगको भूमिका कसरी सामञ्जस्य गराउन सकिन्छ भन्ने विषयमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

**अन्त्यमा**

अनुसन्धान तथा विकास अनुसन्धान संस्कृतिको विकास गर्नु आवश्यक छ । यसैले सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन प्रधानमन्त्री कार्यालय, मुख्यमन्त्री कार्यालयहरू, स्थानीय तह, राष्ट्रिय योजना आयोग, क्षेत्रगत निकाय, नीति अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय, अनुसन्धानमूलक संस्था, निजी क्षेत्र तथा विकास साझेदारबिच सहकार्य आवश्यक छ । यसका साथै सार्वजनिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासको ठोस योजना तयार गरी त्यसैका आधारमा सरकारको आवश्यकतानुरूप र तोकिएको क्षेत्रमा मात्र कर्मचारीलाई अध्ययन, अनुसन्धान तथा तालिममा पठाउनु पर्छ । अध्ययन/तालिम पूरा गरेपछि सम्बद्ध क्षेत्रमै उनीहरूलाई संलग्न गराउन उपयुक्त वातावरण तयार गर्न सकिएमा तथ्यमा आधारित नीति निर्माणमा कर्मचारीको भूमिका अझ प्रभावकारी हुने थियो । गोपबाट

# मानसिक अस्पताल किन जाने, अस्पतालमा कस्तो सेवा पाइन्छ ?

**अर्जुनप्रसाद भेटुवाल**

मानसिक समस्या भनेको मस्तिष्क र मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या हो, जसले व्यक्तिको सोच, भावना, व्यवहार, र दैनिक जीवनमा असर पुऱ्याउँछ। यी समस्याहरू अस्थायी वा दीर्घकालीन हुन सक्छन् र सामान्य जीवनमा चुनौतीहरू उत्पन्न गर्न सक्छन् । मानसिक समस्या विभिन्न प्रकारका हुन्छन्, जस्तैः

चिन्ता (Anxiety)ः अत्यधिक चिन्ता, डर वा त्रासको भावना ।

अवसाद (Depression)ः निरन्तर दुखी, नकारात्मक भावना, उत्साहको कमी र आत्मग्लानी ।

द्विध्रुवीय विकार (Bipolar Disorder)ः अत्यधिक उत्साह (मेनिया) र गहिरो अवसाद बीचको मनोस्थिति परिवर्तन ।

मनोविकार (Schizophrenia)ः वास्तविकता र भ्रमबीच छुट्याउन नसक्ने अवस्था। पोष्ट ट्रम्याटिक स्ट्रेस डिसअर्डर (PTSD)ः गम्भीर तनावपूर्ण वा आघातजन्य घटनाहरूको अनुभवपछि देखिने मानसिक तनाव ।

अनिद्रा (Insomnia)ः लामो समयसम्म निद्रामा समस्या ।

मानसिक समस्याहरूको कारण जैविक, मनोवैज्ञानिक, वा सामाजिक हुन सक्छ। यस्ता समस्या पहिचान र उपचारको लागि मनोचिकित्सक, परामर्शदाता, वा अन्य स्वास्थ्यकर्मीहरूबाट सहायता लिन सकिन्छ । नेपालमा विभिन्न मानसिक रोगहरूको उपचार सरकारी, निजी अस्पताल, मानसिक स्वास्थ्य केन्द्रहरू, र परामर्शदातामार्फत् गरिन्छ । यहाँ उपलब्ध प्रमुख मानसिक रोगहरूको उपचार यस प्रकार छनः

१. अवसाद (Depression)

दीर्घकालीन निराशा, रुचि घट्नु, र ऊर्जा कमीको उपचार मनोचिकित्सक र परामर्शदातामार्फत गरिन्छ। औषधि र थेरेपी दुवै विधि प्रयोग गरिन्छ ।

२. चिन्ता विकार (Anxiety Disorders)

अत्यधिक चिन्ता, डर, वा त्रासका समस्याहरूको उपचार मानसिक स्वास्थ्य विज्ञ र औषधिको मद्दतले गरिन्छ । मानसिक सन्तुलन पुनःस्थापना गर्न थेरेपी र रिल्याक्सेसन विधि प्रयोग गरिन्छ ।

३. द्विध्रुवीय विकार (Bipolar Disorder)




अत्यधिक उत्साह (मेनिया) र गहिरो अवसादबीचको परिवर्तन हुने समस्याको उपचार औषधि (मूड स्टेबिलाइजर्स) र मनोवैज्ञानिक थेरेपीबाट गरिन्छ ।

४. मनोविकार (Schizophrenia)

भ्रम, मतिभ्रम, र वास्तविकता छुट्याउन नसक्ने मानसिक अवस्थाको उपचार औषधि, मनोवैज्ञानिक सहयोग, र पुनर्स्थापना कार्यक्रमबाट हुन्छ । लामो समयसम्म औषधि सेवन आवश्यक पर्न सक्छ ।

५. पोष्ट ट्रम्याटिक स्ट्रेस डिसअर्डर (PTSD)

गम्भीर मानसिक आघातपछि देखा पर्ने तनाव, त्रास, र मनोवैज्ञानिक प्रतिक्रियाहरूको उपचार मनोचिकित्सक र परामर्शदाताले गराउँछन्। थेरेपी, परामर्श, र औषधिको प्रयोग गरिन्छ ।

६. अनिद्रा (Insomnia)

निद्रामा समस्या वा निदाउन गाह्रो हुने अवस्थाको उपचार औषधि र मानसिक विश्राम प्रविधिहरूको प्रयोग गरी गरिन्छ ।

७. ओसीडी (Obsessive Compulsive Disorder)

पुनःपुनः उही विचार आउनु (obsession) र बाध्यतात्मक व्यवहार (compulsion) गर्नुपर्ने मानसिक अवस्थाको उपचार औषधि र व्यवहार थेरेपीद्वारा गरिन्छ ।

८. बच्चाहरूको मानसिक रोग (Childhood Mental Disorders)

ध्यान दिन नसक्ने (ADHD), आक्रमकता, वा आत्मविश्वासको कमी जस्ता समस्याहरूको उपचार बाल मानसिक स्वास्थ्य विज्ञद्वारा गरिन्छ ।

९. मादक पदार्थको दुरुपयोग (Substance Use Disorder)

मादक पदार्थको लत र यसबाट हुने मानसिक समस्या जस्तै डिपेन्डेन्सी (Dependence) र विथड्रल (Withdrawal) लक्षणहरूको उपचार डिटोक्सिफिकेसन, थेरेपी, र पुनर्स्थापना कार्यक्रममार्फत गरिन्छ ।

१०. भोजनसम्बन्धी विकार (Eating Disorders)

अनियन्त्रित खानपान, शरीरको तौलको अत्यधिक चिन्ता, र खाना नखाने वा धेरै खाने समस्याहरूको उपचार मनोचिकित्सक र आहार विशेषज्ञद्वारा गरिन्छ। मानसिक रोगको औषधि महत्वपूर्ण छ किनभने यसले मस्तिष्कको रसायनिक असन्तुलनलाई सुधार गर्न मद्दत गर्छ, जसले मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पार्छ । मानसिक रोगहरू जस्तै अवसाद, चिन्ता विकार, सिजोफ्रेनिया, र द्विध्रुवीय विकारजस्ता समस्याहरू प्रायः मस्तिष्कका न्यूरोट्रान्समिटरहरूमा भएको असामान्यताको कारण उत्पन्न हुन्छन् । औषधिले यी रसायनहरूको सन्तुलन पुनर्स्थापित गरेर लक्षणहरू घटाउँछ र बिरामीलाई भावनात्मक स्थिरता दिन्छ । औषधिले मानसिक रोगबाट ग्रस्त व्यक्तिलाई मानसिक थकान, निराशा, वा डरजस्ता समस्याहरूलाई नियन्त्रणमा राख्न, सामान्य जीवनयापन गर्न, र थेरेपी वा परामर्शको साथमा समग्र उपचारलाई प्रभावकारी बनाउन सहयोग गर्छ ।

मानसिक अस्पताल जाने समय तब आउँछ जब मानसिक रोगले व्यक्तिको दैनिक जीवनमा गम्भीर असर पार्छ र साधारण उपचार वा परामर्शदाताबाट सुधार हुँदैन । यहाँ मानसिक अस्पताल जानुपर्ने मुख्य कारणहरू छन्ः

गम्भीर मानसिक समस्याः जब चिन्ता विकार, सिजोफ्रेनिया, द्विध्रुवीय विकार, वा अन्य मानसिक रोगहरूको लक्षण अत्यधिक गम्भीर हुन्छन् र व्यक्तिले आफ्नो व्यवहार नियन्त्रण गर्न गाह्रो महशुस गर्छ । खतरा हुने अवस्थाः जब व्यक्तिमा आत्महत्याको विचार आउँछ, आक्रामक व्यवहार देखिन्छ, वा अन्य व्यक्तिहरूलाई हानि पुऱ्याउने सम्भावना हुन्छ, त्यस्तो अवस्थामा मानसिक अस्पतालको सहयोग आवश्यक हुन्छ । औषधिको प्रभावकारिता कम हुनुः यदि औषधि र थेरेपीको नियमित उपचारले असर नगर्ने स्थिति आउँछ भने, विशेषज्ञद्वारा गहिरो उपचारका लागि अस्पतालमा भर्ना हुन आवश्यक पर्छ ।

डिटोक्सिफिकेसन र पुनर्स्थापनाः मादक पदार्थको दुरुपयोग वा लतको समस्या हुँदा, अस्पतालको विशेष सुविधा आवश्यक पर्छ जहाँ डिटोक्सिफिकेसन (शरीरबाट नकारात्मक पदार्थ हटाउने प्रक्रिया) र पुनर्स्थापना कार्यक्रम उपलब्ध हुन्छन् । मनोवैज्ञानिक संकटः आघातपूर्ण घटनाहरूपछि व्यक्ति भावनात्मक रूपमा स्थिर हुन नसकेर गम्भीर मानसिक संकटमा पर्दा तत्काल अस्पतालमा जान आवश्यक हुन्छ । यस्ता परिस्थितिहरूमा, मानसिक अस्पतालको विशेषज्ञ सहयोग, औषधि व्यवस्थापन, थेरेपी, र आवश्यक परेमा शारीरिक सुरक्षासहितको उपचार आवश्यक हुन्छ । स्वास्थ्यखबरबाट

# स्केट जोनतर्फ आकर्षण बढ्दो



रामपुर (पाल्पा) । 'स्केट जोन' बालबालिका खेल्ने र रमाउने थलो बनेको छ । पाल्पाको रामपुर नगरपालिका-५ बेभ्काड बजारमा सञ्चालनमा आएको रामपुर स्केट जोनमा बालबालिका मात्र नभई यतिबेला युवा तथा ज्येष्ठ नागरिकको पनि आकर्षण बढ्दो छ । यहाँ दैनिक खेल्नेको उत्साहजनक रुपमा सहभागिता बढेको छ। फुर्सदको समय निकालेर स्केट जोनमा आएर खेल खेल्ने गरेको रामतलुसी नमूना माविमा कक्षा ९ मा पढ्ने छात्रा साकिया बानु बताउँछिन् । उनले विद्यालय खुलेका बेला साँझ बिहान तथा बिदाका दिन दिउँसोमा यहाँ आएर खेल्ने गर्दछिन् । "खेल खेल्दा शारीरिक तथा मानसिक रुपमा नै आनन्द महसुस हुन्छ, यहाँ खेल खेलेर घर गएपछि लेखपढ गर्न उत्साह थपिएको अनुभूति गरेको छु, समय मिलाएर आइराख्ने गरेको छु ।"- बानुले भनिन् ।

मदरसा नुरुल आधारभूत विद्यालयमा कक्षा ८ मा पढ्ने छात्रा अदिबा अञ्जुम पनि घरमा गृहकार्य सकिएपछि पढाइ नबिग्रने गरी एक घण्टाको समय यहाँ आएर खेल्ने गर्दछिन् । अनावश्यक समय गाउँघरमा खेलेर, डुलेर, मोबाइल, टिभी हेरेर समय बिताउनभन्दा केही समय यहाँ आएर खेलेपछि आनन्द आउँछ उनले बताइन ।

तीन महिनादेखि स्केट जोन सञ्चालनमा आएको छ । रामपुरका ६ युवाले आफ्नै गाउँठाउँमा नयाँ व्यवसाय गर्ने सोचका साथ दुई रोपनी जग्गा १० वर्षसम्मका लागि भाडामा लिएर व्यवसाय सुरु गरेका हुन् । करिब रु एक करोडको लगानीमा उक्त व्यवसाय सुरु गरिएको हो । यहाँ दैनिक ७० देखि ८० जनासम्म खेल्न आउने गर्दछन् । बिदाको दिनमा दुई सयभन्दा बढी व्यक्ति आउने गरेको सञ्चालक अशोक श्रेष्ठ बताउँछन् । उनका अनुसार पाल्पाको रामपुर नगरपालिकासहित निस्दी गाउँपालिका, छिमेकी जिल्ला स्याङ्जाको चापाकोट, तनहुँको घिरिङ गाउँपालिकाबाट खेल्न आउने गरेका छन् । रामपुर शहरीकरणतर्फ उन्मुख हुँदै गएकाले नयाँ व्यवसायका रुपमा स्केट जोन सुरुआत गरेको सञ्चालक श्रेष्ठ बताउँछन् ।

"व्यवसाय सुरु भएको करिब तीन महिना भएको छ, राम्रै चलेको छ, बालबालिका, युवा, ज्येष्ठ नागरिक सबै उमेर समूहको आकर्षण बढ्दो छ", उनले भने-"जनघनत्व बढ्दै गएको रामपुरमा स्केट जोन सुरुआत गरेपछि मोबाइल, टिभी हेरेर समय बिताउने बालबालिका समय मिलाएर फुर्सदको समय यहाँ खेल्न व्यस्त बनेका छन् ।" रामपुरमा पहिलो र नौलो व्यवसाय भएकाले यहाँ खेल्न मात्रै नभइ हेर्न पनि आउने गरेका छन् । बालबालिका, युवा, ज्येष्ठ नागरिक सबै उमेर समूहका नागरिक उत्साहका साथ खेल अवलोकन गर्न र खेल्न आउने गरेका छन् ।

टिकटको मूल्य एक घण्टाका लागि रु एक सय ५० कायम गरिएको छ । ग्राहकलाई ध्यानमा राख्दै आगामी दिनमा प्याकेजको कार्यक्रम ल्याउने तयारी रहेको सञ्चालक श्रेष्ठ जानकारी दिए । व्यवसाय सञ्चालन गर्न आठ कर्मचारीको व्यवस्था गरिएको छ । यहाँ बिहान ७ देखि साँझ ९ बजेसम्म खेल्ने व्यवस्था छ । खेल खेल्दा सुरक्षाका लागि हेल्मेट, जुत्ता, हातखुट्टामा लगाउने सेफ्टी गार्डको व्यवस्था गरिएको छ । खेल्ने क्रममा चोटपटक लागेमा रु एक लाखसम्मको दुर्घटना बिमा समेत रहेको सञ्चालक श्रेष्ठ बताउँछन् ।

स्केट जोनमा आएर खेल्दा मन भित्रैदेखि आनन्दित हुने गरेको प्रवीण सेन बताउँछन् । उनी बेलाबेलामा यहाँ आएर खेल खेलेर आनन्द लिने गर्नुहुन्छ । यो खेल स्वास्थ्यका लागि फाइदाजनक रहेको उनको भनाइ छ । "स्केट जोन रामपुरमा खुल्नु नै हाम्रो लागि खुसीको कुरा हो, खेल सकिएपछि शरीर फुर्तिलो र मन प्रफुल्ल हुन्छ ।"-उनले भने ।

बालबालिका विद्यालय छुट्टी भएपछि घरमा मोबाइल र टेलिभिजनमा व्यस्त हुन्थे । केही बालबालिका कुलतमा फस्ने स्थितिलाई यहाँ स्केट जोन सुरुआत गरिएपछि खेल्नतर्फ उनीहरुको ध्यान तानिएको छ । अहिले बालबालिकाको ध्यान बढी मोबाइलमा, टेलिभिजनमा केन्द्रित भएकाले त्यो बानी हटाउन स्केट जोन थालनी गरिको सञ्चालक सन्तोष पोखरेल बताउँछन् । उनी भन्छन्-"विद्यालय बिदाको दिन, साँझ सबहान समय मिलाएर बालबालिका आउने गर्छन्, शान्त वातावरण आनन्दले खेल खेलेर फर्कने गरेका छन्, फुर्सदको समय खेलमा बितेको छ ।" साथै सोही ठाउँमा रामपुर भिआर जोन सञ्चालन गर्ने उनको तयारी छ । रु २५ लाखको लगानीमा दसैंभन्दा अघि सञ्चालनमा ल्याउने गरी काम भइरहेको सञ्चालक पोखरेलले जानकारी दिए ।

# गल्याङ प्रिमियर लिग क्रिकेटको उपाधि गल्याङ ब्लास्टरलाई



स्याङ्जा । गल्याङ प्रिमियर टिट्वान्टी लिग क्रिकेट (जीपीएल) को उपाधि गल्याङ ब्लास्टरले जितेको छ । शनिबार भएको फाइनलमा गल्याङ इगल्सलाई पराजित गर्दै ब्लास्टरले उपाधि हात पारेको हो । इगल्सले बनाएको ९२ रनको सामान्य लक्ष्य ब्लास्टरले १० ओभरमा २ विकेट गुमाएर भेटाएको थियो । इगल्सले १४ ओभरमा ९२ रन बनाउँदै अलआउट भएको छ ।

उपाधि बिजेता गल्याङ ब्लास्टरले १ लाख र शिल्ड हात पारेको छ यस्तै दोस्रो भएको गल्याङ इगल्सले ५० हजारमा चित्त बुझाएको छ । गल्याङ क्रिकेट संघको आयोजनामा भएको प्रतियोगितामा आठ समूहले प्रतिस्पर्धा गरेका थिए ।

आठ वटै टिमले अक्सनमार्फत् एक महिना अगाडि नै खेलाडी छनौट भएको गल्याङ क्रिकेट संघका उपाध्यक्ष खगेन्द्र भण्डारीले जानकारी दिए । प्रत्येक टिमले जिल्ला बाहिरका ३/३ जना खेलाडी समावेश गराएका थिए भने अरु खेलाडी जिल्लाभित्रका नै रहेका थिए ।

विभिन्न व्यवसायी र व्यक्तिहरुले आ–आफ्नो क्लब तयार गरी प्रतियोगितामा भाग लिएका थिए । जिल्लाभित्र रहेका क्रिकेट खेलाडीको पहिचान बढाउने र क्रिकेट खेललाई जिल्लामा व्यावसायिक गराउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको आयोजकले जनाएको छ । फाइनल खेल शनिबार गल्याङ नगरपालिका-१ मालुङ्गाको खेल मैदानमा भएको थियो ।

प्रतियोगिताको समापन गर्दै गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले खेल क्षेत्रले नेपाल र नेपालीको पहिचान बढाएको बताए । पालिकाले खेल क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको नगर प्रमुख भट्टराईको दाबी छ ।

## बेलहियाबाट...

पर्यटक सूचना केन्द्रमा कति प्रवेश गरे र कति बाहिरिए बाहेक पर्यटकका लागि कुनै थप सुविधा छैन । गर्मीले आकुल व्याकुल अवस्थामा आउने पर्यटकलाई पिउने पानी, शौचालयको व्यवस्था नै नहुँदा पर्यटकहरुले नेपालको पर्यटन क्षेत्रलाई विश्वास गर्न नसक्ने अवस्था आइरहेको छ । बेलहियामा रहेको पर्यटक सूचना केन्द्रमा ८ जना पर्यटक प्रहरी त छन्, तर पर्याप्त भौतिक पूर्वाधार र स्रोतको कमीले गर्दा यसले पर्यटकलाई सबै सूचना दिन भने सकेको छैन ।

पर्यटक प्रहरीको सीमित साधनस्रोतले मौखिक रुपमा मात्र सूचनाहरु पर्यटकलाई दिने गरेको बताउँछन् ।

'आफूसँग भएको जानकारी मौखिक रुपमा पर्यटकहरुलाई दिने गरेका छौँ, होइन भने आएको गएको तथ्याङ्क मात्रै हामीले राख्ने गर्छौं । हामीसँग पर्यटकका लागि शौचालय पनि छैन, हामीले पिउने पानीसम्मको व्यवस्था भने गरेको छौं ।-खटिएकी एक पर्यटक प्रहरीले भनिन् ।

कार्यालय आएका पर्यटकहरु पर्यटकीय गन्तव्यका बारेमा पर्चा, पम्पलेट, नक्सा, ब्राउसर राख्नु पर्ने भए पनि केही छैन । सबैभन्दा बढी पर्यटक भित्र्याउने नाकाको रुपमा रहेको बेलहियामा पर्यटक सूचना केन्दको अवस्थाबारे सम्बन्धित निकाय र पर्यटन व्यवसायीहरुलाई अवगत भए पनि यसमा खासैले चासो दिएको देखिँदैन । पर्यटकको पहिलो छाप नै यहाँबाट राम्रो दिनुको साटो देशकै गलत सन्देश पहिलो विन्दुमा गरिएको सेवाबाट नै प्रष्ट हुन्छ । पर्यटन व्यवसायीहरुले भैरहवाको बेलहिया नाकामा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानास्थलमा पर्यटक सूचना केन्द्र व्यवस्थित हुनुपर्ने माग विभिन्न कार्यक्रमहरुमा गरे पनि न त सरकार नै गर्छ, न निजी क्षेत्र नै ।

भारतीय गाडी, गाइडसँगै सोही दिन फर्किन्छ

भारत हुँदै नेपाल आउने तेस्रो मुलुकका पर्यटकहरुलाई भारतीय बसले नेपाल प्रवेश गराउँछ । लुम्बिनीलगायत यससँग सम्बन्धित स्थानहरुको विषयमा जानकारी दिने पथप्रदर्शक पनि भारतीय नागरिक नै हुने गरेका छन् । भारतका बोधगया, कुशीनगरलगायत बुद्धसँग सम्बन्धित सबै ठाउँहरुमा भ्रमण गराएर पर्यटक स्वदेश फर्किन एकदुई दिन मात्र बाँकी छँदा भारतीय गाइडले लुम्बिनी ल्याउने र सोही दिन फिर्ता लैजाने गरेका छन् ।

जसका कारण लुम्बिनी जस्तो विश्वको शान्ति भूमि रहेर पनि नेपालले पर्यटकको बसाइ लम्बाउन र यसबाट फाइदा लिन सकिरहेको छैन । नेपालले पर्यटनको क्षेत्रलाई व्यवस्थित गर्न नसक्नु भारतका लागि पर्यटकलाई उतै बास बसाउन सहज बनेको छ । यस कारण नेपालको पर्यटन क्षेत्र कमजोर बन्दैछ ।

भारतीय सीमा हुँदै नेपाल भित्रिने क्रममा पर्यटकलाई भारतीय नम्बर प्लेटका गाडीहरु प्रयोग गर्न दिइनु आफैंमा ठूलो नोक्शानी हो । यदि नेपालले पर्यटन क्षेत्रलाई समृद्धिको आधार मान्छ भने सीमाबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई नेपाली सवारी साधनहरुले यहाँका पर्यटकीय गन्तव्यसम्म पुऱ्याउने व्यवस्था मिलाउन जरुरी देखिन्छ ।

यस्तै लुम्बिनीको विषयमा समय समयमा विवादित कुराहरु बाहिर आउने गरेका छन् । कतिपय अवस्थामा तेस्रो मुलुकका पर्यटकलाई भारतीय पथप्रदर्शकले गलत सूचना दिने सम्भावना रहन सक्छ । किनकि भारतीय गाइडले नेपाल र लुम्बिनीका विषयमा सही जानकारी दिन्छ भनेर विश्वास गर्न सक्ने आधार हुँदैन । जसका कारण पर्यटकले लुम्बिनी र यससँग सम्बन्धित तिलौराकोट, देवदह, रामग्राम, रोहिणी जस्ता पवित्र भूमिको विषयमा जानकारी नै पाउँदैनन् । जसले गर्दा उनीहरु लुम्बिनी एक दुई घण्टा घुमेर फर्किने गरेका छन् ।

अन्तर्राष्ट्रिय सीमामा जेसीबीले स्वागत

नेपाल-भारत सिमानाका बेलहियामा नेपाल प्रवेश गर्ने नाका नै अस्तव्यस्त छ । सिद्धार्थनगर नगरपालिकाले बनाउन लागेको प्रवेशद्वार अलपत्र छाडिएको छ, भने महिनौ दिनदेखि मुख्यद्वारमै जेसीबी राखिएको छ । पर्यटनका बारेमा ठूला-ठूला कुरा गर्दा पर्यटकको पहिलो छाप सीमामा यस्तो देखिएपछि के पर्ला ? महिनौदेखि राखिएको जेसीबीमा घाँस उम्रे पनि सम्बन्धित निकायको ध्यान जान सकेको छैन । सीमामा निर्माणाधिन अवस्थामा रहेको अलपत्र गेटले नेपाललाई नै लज्जित बनाएको छ ।

खिया लागेका फलामको फाउण्डेशन तयार गरेर बाँकी काम यतिकै छोड्दा पर्यटकलाई स्वागत गर्न सिद्धार्थनगर नगरपालिकाले निर्माण गर्न लागेको गेटले नेपाललाई कुरुप चित्रण गरेको जस्तो लाग्छ । सिद्धार्थनगरलाई हरियाली, हराभरा, फूलैफूलको नगर भनेर चिनाउने नगरप्रमुख इश्तियाक अहमद खाँनको सपनालाई समय थप गर्दा पनि निर्माण सम्पन्न नभएको यो अपुरो गेटले मजाक बनाइरहेको छ । लक्ष्मी निर्माण कम्पनीले १ करोड ६५ लाखमा ठेक्का सम्झौता गरे पनि म्याद थप गर्दै लड्किएको छ । प्रवेशद्धार जस्तो नेपालको गरीमा जोडिएको सिमानाकामा समयमा काम सम्पन्न गर्न नसक्ने ठेकेदार कम्पनीलाई नगरपालिकाले म्याद थप गर्दै गएको छ ।

यस्तै निर्माण सुरु भएको आठ वर्षसम्म काम सम्पन्न गर्न नसकेको बुटवल-बेलहिया सडकखण्डअन्तर्गत बेलहियाको यो फोहोर र हिलाम्मे सडकले गिज्याइरहेको अवस्थाले पर्यटकलाई नेपालप्रतिको नकारात्मक धारणा बनाउन सहयोग गरिरहेको छ । जसका कारण उनीहरु छिटोभन्दा छिटो लुम्बिनी पुगेर फर्किन चाहन्छन् । पटक-पटक ताकेता गर्दा पनि काम गर्न नसकेर कालो सूचीमा परेको ठेकेदार कम्पनीले बिग्रीएको जेसीबी ५ महिनादेखि नेपाल प्रवेश गर्ने नाकामै ठडाएर राखेको छ । यस्तो लाग्छ पर्यटकलाई स्वागत गर्ने त्यही जेसीबी नै हो । तर यसलाई त्यहाँबाट हटाउन तर्फ कुनै निकायको ध्यान गएको छैन ।

सडक विस्तारका क्रममा भत्काइएको अध्यागमन कार्यालय सम्पन्न नहुँदा करीब एक किलोमिटर टाढा रहेको अध्यागमन कार्यालय खोज्दा खोज्दै पर्यटक थाकिसकेका हुन्छन्, जसका कारण पर्यटकले हैरानी महसुस गरेको पाइन्छ । पर्यटकले शान्त, रमणिय र सुन्दर वातावरण, पारिवारिक आतिथ्यता चाहेको हुन्छ, तर नेपाल प्रवेश गरेदेखि लुम्बिनी पुग्दासम्मको सडकको दुर्दशा, सडकको दायाँबायाँ देखिने कवाड, वर्षौंसम्म अलपत्र पुल आदि कारणले पर्यटकको मानसपटलमा नेपालप्रति नैराश्यता देखिने गरेको छ । अव्यवस्थित सडकका कारण सवारी दुर्घटना, असुरक्षित हवाइयात्रा जस्ता विषयमा सरकार गम्भीर बन्न नसक्दा नेपालले पर्यटनको ठूलो अवसर गुमाइरहेको अवस्था छ ।

विरोध गर्न अगाडि लाग्ने पर्यटन व्यवसायीहरुले पनि पर्यटकलाई समय समयमा विभिन्न अफरहरु दिने, निजी क्षेत्रबाटै केही सौन्दरीकरणको पहल गर्ने, पर्यटकीय गन्तव्यको सम्भाव्यता अध्ययनमा सरकारलाई सहयोग गर्ने जस्ता पर्यटन प्रवर्द्धनका काममा खासै चासो दिएको पाइदैन । पर्यटन व्यवसायीहरुले पटक-पटक सिमानाका व्यवस्थित गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराए पनि व्यवसायी र सरकारका निकायबिचको समन्वय नहुँदा पर्यटनको सम्भाव्यता र यसबाट लिन सकिने अवसर गुम्दै गइरहेको छ । हरेक वर्ष विश्व पर्यटन दिवसको अवसरमा सिमानाकामा पर्यटकलाई स्वागत गरेर पर्यटन दिवस मनाउनुभन्दा पर्यटकलाई सधैं आउ आउ हुने वातावरणको सृजना सीमाको शून्य विन्दुबाट गर्न सक्नु पर्छ । अहिले पनि विश्व पर्यटन दिवस मनाउने तयारी भइरहँदा तीन तहको सरकार र निजी क्षेत्रको सहकार्यमा सीमामा पर्यटकका लागि सहज व्यवस्थापन, प्रहरीबाट हुने गरेको दुःख र सरसफाइ एवम् सुन्दरीकरणमा ध्यान दिन सके पर्यटन क्षेत्रबाट ठूलो सम्भावना रहेको छ ।

## दुधमा...

किसानले प्रतिफलमा आधारित प्रोत्साहन रकम बढाउन माग राखेका छन् । सरकारले दिने अनुदानले युवा पुस्तालाई कृषि क्षेत्रमा लाग्न प्रेरित गर्नेगरी रकम विनियोजन गर्न माग राखिएको हो ।

प्रदेश सरकारले उत्पादन र उत्पादकत्व बढाउन दूध, माछा, मासु, अण्डा, मत्स्य ह्याचरी तथा नर्सरीमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान दिँदै आएको छ । दूधमा प्रतिलिटर दुई रुपैयाँ, जिउँदो खसी, बोका र भेँडाको हकमा प्रतिकिलो २५ रुपैयाँ, जिउँदो राँगा, बंगुर र माछामा प्रतिकिलो १५ रुपैयाँ उत्पादनमा आधारित प्रोत्साहन रकम दिँदै आएको हो । यस्तै अण्डातर्फ प्रतिहजार अण्डामा दुई सय ५० रुपैयाँ दिइदै आएको छ । प्रदेश सरकारले दिँदै आएको प्रतिफलमा आधारित प्रोत्साहन अनुदानका लागि सहकारीमार्फत् वितरण हुँदै आएको छ । सहकारीमार्फत् किसानले दूध, खसी, बोकाको कारोबार गर्दै आएका छन् ।

यस्तै सम्बोधनको क्रममा मुख्यमन्त्री आचार्यले सरकारले पुरक बजेट नल्याउने स्पष्ट पारेका छन् । सरकारले पुरक बजेट ल्याउने हो की ? बजेट रकमान्तरण गर्ने हो की ? जस्ता प्रश्नहरु सुनिन थालेपछि मुख्यमन्त्री आचार्यले वर्तमान सरकारले पुरक बजेट नल्याउने र बजेट रकमान्तरण नगर्ने स्पष्ट पारेका हुन् । 'पुरक बजेट आउँदैन । एक ठाउँको बजेट काँटिदा अर्को ठाउँका साथीहरु रिसाउने परिस्थिति निर्माण हुन्छ । यो कुरालाई हामीले राम्रैसँग मनन गरेका छौं,' उनले भने-'पाणिनी गाउँपालिकामा चालु आर्थिक वर्षमा प्रदेशबाट बजेट राम्रो परेको छ । तर, केही योजना छुटेकाले अर्को वर्ष उच्च प्राथमिकतामा राखेर सम्बोधन गर्छौं ।'

## बुटवलमा...

उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले बुटवलमा नेपालकै नमूना अटो भिलेज समेत रहेकाले यहाँ अटो इञ्जिनियरिङ कलेज स्थापना गर्न सके विद्यार्थीको अभाव नहुने र त्यसमार्फत् बुटवलको आर्थिक विकासमा समेत ठूलो योगदान पुग्ने बताउँछन् ।

कलेज स्थापनाको संभाव्यता अध्ययन प्रतिवेदन सार्वजनिक गर्न आयोजित कार्यक्रममा अध्यक्ष न्यौपानेले एशोसिएसनको नेतृत्वमा आएपछि आफूले कार्यशाला गोष्ठीबाट वार्षिक योजना तय गरी कार्यान्वयन गरेको बताए । कार्यालय र सचिवालय व्यवस्थित, आर्थिक पारदर्शिता, दीर्घकालीन योजना तर्जुमा, व्यवसायीलाई प्रविधिमैत्री तालिम, स्वास्थ्य र दुर्घटनाबाट जोगिने सुरक्षा तालिम, शान्ति सेनामा जाने ४४ जना सैनिकलाई तालिम दिइएको अध्यक्ष न्यौपानेले जानकारी गराए । व्यवसायीलाई सरसफाई घरदैलो अभियान, सुरक्षा पोस्ट स्थापना, स्थापना दिवसमा रक्तदान गरेर ३७७ पोइन्ट रगत संकलन गरी पुरस्कृत भएको, स्वास्थ्य शिविर सञ्चालन, दुर्घटना बिमा, खेलकुद र वृक्षरोपण, संस्कृति संरक्षण, अवैध आयात नियन्त्रण गर्न पहल, व्यवसायी र ग्राहकबिच समन्वय र मेलमिलाप गराएको न्यौपानेले जानकारी दिए ।

# अट्वारी पर्व धुमधामका साथ मनाइँदै



देउखुरी (दाङ) । दाङसहितका थारू बाहुल्य रहेका जिल्लामा आइतबार अट्वारी पर्व धुमधामका साथ मनाउने तयारी गरेका छन् । भाद्र शुक्ल पक्षको पहिलो आइतबार अर्थात् श्रीकृष्ण जन्माष्टमीपछिको दोस्रो आइतबारलाई अट्वारी पर्वका रुपमा मनाउने चलन छ । हरितालिका तीजपछिको शनिबार मध्यरातमा दर (भिन्सर्या) खाएर अट्वारी व्रतको तयारी सुरु हुन्छ ।

महेन्द्र बहुमुखी क्याम्पस दाङका उपप्राध्यापक कुलवीर चौधरीले द्वापरयुगमा पाँच पाण्डवमध्येका माहिला भाइ भीमले थारू समुदायका एकजना छोरीलाई उनीमाथि भइरहेको अत्याचारबाट मुक्त गरेको स्मरणमा आइतबार दिनभरि भीमका नाममा व्रत बस्ने र पूजाआजा गर्ने चलन रहेको बताए ।

उनीहरुका अनुसार अट्वारी पर्व थारू समुदायको दसैँपछिको ठूलो चाड भएकाले यसको महत्त्व धेरै रहेको छ । "चेलिबेटीको सम्मान गर्ने, सूर्य उपासनासँग जोडिएका भगवान्हरुको पूजा र शक्तिशाली बलवान भीमको पूजा गर्ने चलन छ ।"-उनले भने ।

अट्वारी पर्वमा दाजुभाइ दिदीबहिनीको रक्षाको कामना गर्दै दिनभर निर्जल, निराहर व्रत बस्ने गर्दछन् । व्रत बसेका व्रतालुले फलफूललगायत परिकार आफूले खानुपूर्व आफ्नो खानाबाट आधा भाग झिकेर अलग्ग राख्ने प्रचलन रहेको घोराही उपमहानगरपालिका-६ का अगुवा भीमबहादुर चौधरी बताउँछन् । छोरीचेलीलाई सम्मान गर्ने पर्व हो । त्यसरी छुट्याइएको परिकार विवाहित छोरीचेलीलाई कोसेलीका रूपमा उपहार दिने गरिन्छ । त्यो कोसेलीलाई 'अग्रासन' दिने भनिन्छ । अट्वारीको दोस्रो दिन बिहान पतौला खरिया, भात, गब्दा, खुर्मा, फुलौरी र तामासहितका तरकारी र सात प्रकारका विभिन्न परिकार तयार गरी व्रतालुहरूले नुहाइधुवाइ पूजापाठ गर्ने गर्छन् । दर खाएको बिहान सबैजना रोटीका विभिन्न परिकार बनाउँछन् ।

सबै परिकार पकाएर तयार बनाएपछि व्रतालुहरू मध्याह्न नदी, तलाउ, जलाशयमा स्नान गर्छन् । व्रतालुहरू स्नान गर्न गएको बेला घरमा गोबरपानीले लिपपोत गरी शुद्ध पारिन्छ । बस्नलाई काठको शुद्ध मुढा राखिन्छ । व्रतालुहरू स्नान गरेर फर्केपछि त्यही चोखो ठाउँमा बस्छन् । महिलाले खानेकुरा दिन्छन् ।

व्रतालु पुरुषले खानेकुराको पूजा गरेपछिमात्र खान्छन् । जसरी भीमले बहिनीका लागि परिकार सम्झेर छुट्याएका थिए । त्यसरी नै व्रतालु थारूले एक भाग दिदीबहिनीका नाममा छुट्याएर अर्को भाग परिकार खान्छन् । परिकार खानुअगाडि भीमको स्मरणमा पूजा गर्छन् । सो दिनको परिकारमा नून मिसाइएको हुँदैन ।

थारू कल्याणकारीणी सभा दाङका पूर्वअध्यक्ष भुवन चौधरीले दाजुभाइ र दिदीबहिनीको अटल सौभाग्यको कामना गर्दै अटवारी पर्व मनाइने बताए । "दिदीबहिनी र दाजुभाइ बीचमा माया, ममता, सद्भाव र भ्रातृत्व जगाउने पर्वका रुपमा अट्वारीलाई लिइन्छ ।"- चौधरीले भने ।

अट्वारीका अवसरमा आइतबार लुम्बिनी प्रदेश सरकारले दाङ, बाँके र बर्दिया जिल्लामा बिदा दिएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



रूपन्देहीको देवदह नगरपालिका भलुहीका महिला बुटवलमा कुसको चकटी बेच्दै। एउटा चकटीलाई उनीहरूले २ सय रुपैयाँमा बेच्दै आएका छन्। कुसको चकटीमा बस्दा स्वास्थ्यका लागि लाभदायक मानिन्छ। *तस्विरः लुम्बिनी*

# प्रतिष्ठानमा एमबीबीएस पढाइ सुरु हुने, पायो ५० सिट




तुलसीपुर। दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस पढाइ सुरु हुने भएको छ। चिकित्सा शिक्षा आयोगले एमबीबीएस पढाइ सञ्चालनका लागि ५० सिट सुनिश्चित गरेको छ। जसमा ७५ प्रतिशत छात्रवृत्तिमा विद्यार्थीले एमबीबीएस पढ्न पाउने रजिष्ट्रार श्याम लम्सालले बताए।

प्रतिष्ठानले करिब ७ वर्षपछि एमबीबीएस पठनपाठनका लागि आयोगबाट अनुमती पाएको हो। हाल प्रतिष्ठानमा बीएस्सी र बीएनएस नर्सिङ र चिकित्सकको एमडीको पठनपाठन भइरहेको छ। अब एमबीबीएस पढ्नकै लागि जिल्ला बाहिर जानुपर्ने अवस्थाको अन्त्य हुने भएको छ। " एमबीबीएस पढाइ सञ्चालन गर्ने कुरा धेरै महत्त्वपूर्ण कुरा हो", उनले भने -"यो प्रतिष्ठानको शैक्षिक कार्यक्रममा कोसेढुङ्गा सावित हुनेछ।"

यसअघि लामो समय शैक्षिक कार्यक्रम सुरु नहुँदा जिल्लामा व्यापक आवाज उठ्ने गरेको थियो। तर, अब बर्सेनि शैक्षिक कार्यक्रम थपिन थालेपछि जिल्लामा उत्साह थपिएको छ। राप्ती उपक्षेत्रीय अस्पताललाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाइएको हो।

# 'निजामती सेवा ऐन छिटो ल्याउन माग'




**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

२१औं निजामती सेवा दिवस स्याङ्जामा विविध कार्यक्रम गरी मनाइएको छ। हरेक वर्षको भदौ २२ गते देशभरका निजामती कर्मचारीहरुले सेवा दिवसको रुपमा मनाउँदै आएका छन्। यो दिनलाई नेपालका निजामती कर्मचारीहरुले विशेष दिनको रुपमा लिँदै आएका छन्। २१औं निजामती सेवा दिवस २०८१ को अवसरमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाको आयोजना तथा कर्मचारी मिलन केन्द्र, निजामती कर्मचारी आधिकारिक ट्रेड युनियन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल निजामती कर्मचारी संगठन स्याङ्जाको सह–आयोजनामा मनाइएको हो।

कार्यक्रममा कर्मचारीहरुले संघीय निजामती सेवा ऐन छिटो ल्याउन माग गरेका थिए। सेवा ऐन छिटो नआउँदा तिनैतहका कर्मचारीमा समस्या पैदा हुने गरेको उनीहरुको भनाइ थियो। सरकारले निजामती ऐन ल्याउने प्रयास गरे पनि संसदमा विचाराधिन रहनु अत्यन्तै दुःखद पक्ष रहेको कर्मचारीहरुले बताएका छन्। धेरै वर्षदेखि संसदमा थन्किएको संघीय निजामती सेवा ऐन ल्याउन नसक्दा कर्मचारीहरुले गर्नुपर्ने कार्यसम्पादनमा प्रश्न उठ्न थालेको उनीहरुको गुनासो छ।

अधिकांश कर्मचारीहरुले संघीय निजामती ऐन ल्याउन माग गर्दै २१औं निजामती सेवा दिवसले ऐन ल्याउन सघाउ पुग्ने बताएका थिए। निजामती ऐन समयमा नआउँदा तिनैतहका कर्मचारीलाई मार्ग निर्देशन गर्न असहज हुने गरेको स्याङ्जाका निमित्त प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले बताए।

'नेपालको निजामती सेवा जनताको सेवक हो,' सप्रजिअ पौडेलले भने-'निःस्वार्थ भावनाले काम गर्ने वातावरण बनाइनुपर्छ, अहिलेको निजामती सेवाले जनताको विविध प्रकृतिका काम गर्नुपर्ने अवस्था छ।' साँघुरो प्रशासनिक सेवालाई सार्वजनिक सेवामा गएको अवस्थामा निजामती सेवा ऐन आउन ढिला गर्न नहुने सप्रजिअ पौडेलले बताए। नागरिकको सेवा प्रवाहमा कुनै कसुर बाँकी नराखेर कानुन सम्वत ढंगबाट मुस्कानसहितको सेवा दिन सबै कर्मचारीलाई पौडेलले निर्देशन दिए।

कार्यक्रममा कर्मचारी मिलन केन्द्र स्याङ्जाका अध्यक्ष माधव लम्साल, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन स्याङ्जाका अध्यक्ष राजुप्रसाद मरासिनी, नेपाल पत्रकार महासंघका अध्यक्ष श्रीकृष्ण सिग्देल, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा स्याङ्जाका सभापति दिनेश अर्याल, कर्मचारी मिलन केन्द्रका उपाध्यक्ष सिर्जना लामिछाने, करदाता कार्यालय स्याङ्जाका प्रमुख विजय भुषालगायतले निजामती सेवा मुलुकको स्थायी सरकार भएकाले नागरिकको सेवाप्रति जिम्मेवार रहनुपर्ने बताएका थिए। कर्मचारीको कानुन नबन्दा भएका समस्यालाई चिर्दै देश र नागरिकको सेवामा तल्लिन हुनुपर्नेमा वक्ताहरुले जोड दिएका थिए।

निजामती सेवा दिवसको अवसरमा आयोजना गरिएका खेलकुद, हाजिरी जवाफलगायतका कार्यक्रममा उत्कृष्ट हुने खेलाडीहरुलाई पुरस्कार वितरण गरिएको थियो। दिवसकै अवसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको निमित्त प्रजिअ पौडेलले जानकारी दिए। रक्तदानबाट १७ युनिट रगत संकलन भएको र उक्त रगत जिल्ला रेडक्रसलाई हस्तान्तरण गरिएको छ। कार्यक्रम हुनुपूर्व जिल्ला सदरमुकाममा प्रभातफेरी समेत निकालिएको थियो।

## च्याउमा आत्मनिर्भर बनाउन व्यावसायिक उत्पादन सुरु

चितवन। जिल्लाको कालिका नगरपालिका-२ पदमपुरमा च्याउ खेतीमा आत्मनिर्भर बनाउने उद्देश्यले व्यावसायिक उत्पादन सुरु गरिएको छ। यहाँ १२ वटा वातावरण अनुकूलित टनेलमार्फत् डल्ले च्याउको व्यावसायिक उत्पादन सुरु गरिएको हो।

कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले शुक्रबार व्यावसायिक डल्ले च्याउको उत्पादन शुभारम्भ गर्दै पालिकासँगै मुलुकलाई च्याउमा आत्मनिर्भर बनाउने उद्देश्यले वातावरण अनुकूल टनेल निर्माण गरी उत्पादन सुरु गरिएको बताए। नगरपालिकाले कृषक र कृषि क्षेत्रको प्रवर्द्धन गर्न विभिन्न अनुदान, प्राविधिक, कृषि उपकरणलगायत सहयोग गरिरहेको उनले जानकारी दिए।

नगरप्रमुख रेग्मीले यहाँको उत्पादन मुलुकका प्रमुख सहरमा पुग्ने भएकाले यसलाई थप व्यावसायिक हुँदै उत्पादनमा केन्द्रित योजनाअनुरूप वातावरण अनुकूल टनेल निर्माण गरिएको बताए। उनका अनुसार रेन्स्की एग्रो फार्मले डल्ले च्याउ उत्पादन थालेको हो। यसअघि यहाँ पाते च्याउ उत्पादन हुँदै आएको थियो।

फार्मका सञ्चालक कमल शर्मा सुवेदीले एउटा टनेल १० टन कम्पोस्टको क्षमताको भएको बताउँदै यसबाट १८ देखि २० प्रतिशत च्याउ उत्पादन हुने जानकारी दिए।

HYDRABADI
DUM BIRYANI
Quality Lasi Center


HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com